## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

धरान, सुनसरी, प्रदेश नं. १, नेपाल

नगर कार्यपालिका बैठक

बैठक संख्या १९/०७६/०७७

आज मिति २०७७ साल असार १० गते बुधवार बिहान ७:३० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | नगर उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधवगोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडा अध्यक्ष | धरान-७ | |
| १०. | श्री ~~रुद्रबहादुर लिम्बु~~ कृष्ण थापा | का.वा. वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्णप्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री यसोदा घिमिरे वि.क. | का.वा. वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री विदुर प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

## बैठकमा छलफल र निर्णय भएका विषयहरु:-

१. आ. ब. २०७७।०७८ को बजेट सिलिङ्ग र मार्ग दर्शन स्वीकृत गर्ने सम्बन्धमा:-

धरान उप महानगरपालिकाको आ. ब. २०७७।०७८ बजेट तर्जुमा गर्ने प्रयोजनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ अनुसार गठन भएको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले तयार गरी पेश गरेको बजेट सिलिङ्ग आजको बैठकमा पेश भै बिस्तृत रुपमा छलफल गरियो । छलफल पश्चात पेश भएको बजेट सिलिङ्गमा सामान्य संशोधन सहित स्वीकृत गर्ने र सो अनुसार कार्यक्रम तथा योजना छनौटका लागि सबै महाशाखा र वडा कार्यालयहरुमा पठाउने निर्णय गरियो ।स्वीकृत बजेट शिलिङ्ग तथा मार्गदर्शन पछाडी टाँस गरी प्रमाणित गरिएको छ ।

२. आ. ब. २०७७।०७८ को नीति कार्यक्रम तथा बजेट सम्बन्धमा:-

धरान उप महानगरपालिकाको आ. ब. २०७७।०७८ का लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७ अनुसार गठित बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेश गरेको मस्यौदा नीति कार्यक्रम तथा बजेट आजको बैठकमा पेश भै छलफल भयो । छलफल पश्चात संशोधन सहित स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो । संशोधन सहित स्वीकृत बजेट सांरश पछाडि टाँस गरी प्रमाणित गरिएको छ ।नीति तथा कार्यक्रम छुट्टै प्रमाणित गरि राखिएको छ ।

३. अन्य विविध विषय सम्बन्धमा:-

क) उपभोक्ता समिति मार्फत क्रिकेट मैदानको बाँकी काम गराउने सम्बन्धमा:-

प्रदेश सरकारबाट चालु आ.व.मा वडा नं. १५ मा रहेको भक्तराज कन्दङ्वा क्रिकेट मैदानको पुर्वाधार बिकासका लागि रु १,००,००,०००/ स्वीकृत लगत स्टिमेट अनुसारको कामको लागि ठेक्का आवहान गर्दा रु. ७८,३८,१८५.५१ (भ्याट समेत) मा ठेक्का लागि सम्झौता भएको र प्राप्त रकमबाट रु. २१,६१,८१४.४९ बाँकी रहेको साथै सो खेल मैदानमा पुर्वाधार विकासका अन्य कामहरु बाँकी रहेकाले अन्य प्राविधिक स्टिमेट अनुसारका कामहरु उपभोक्ता समितिले रु ३,२८,१६४.८९ व्यहोर्ने र नगरपालिकाबाट रु.२१,६१,८१४,४९( मर्मत कोष कन्टेन्जेन्सी लगायत लाग्ने अन्य सम्पूर्ण करहरु समेत गरी) व्यहोर्ने गरी उपभोक्ता समिति मार्फत काम गराउने मिति २०७७/०३/०१ गतेको नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ख) उपभोक्ता समिति मार्फत औधोगिक ग्रामको बाँकी काम गराउने सम्बन्धमा:-

नेपाल सरकार उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय बाट चालु आ.ब.मा धरान-६ स्थीत सेरा खोलाको पुर्वी दक्षिण भागमा नगरपालिकाको प्रस्ताव अनुसार स्वीकृत भएको औद्योगिक ग्राम निर्माणका लागि रु. ९२,००,०००/ लाख प्राप्त भएकोमा उक्त औद्योगिक ग्राम निर्माण स्थलमा खोला तटबन्धनका लागि प्लम्प वाल निर्माण गर्न स्टिमेट भई ठेक्का आव्हान गरिएकोमा रु. ६१,२८,५८४.९० मा ठेक्का सम्झौता भई काम अगाडि बढेको र प्राप्त रकमबाट रु.३०,७१,४१५.१० बाँकी रहेको साथै प्लम्व वाल निर्माण गर्न समेत बाँकी रहेकोले उक्त बाँकी क्षेत्रमा प्लम्व वाल निर्माणको काम उपभोक्ता समितिले रु. ५,१७,८३३.५३ र नगरपालिकाबाट रु.३०,७१,४१५.१०( मर्मत कोष कन्टेन्जेन्सी लगायत लाग्ने अन्य सम्पूर्ण करहरु समेत गरी) व्यहोर्ने गरी उपभोक्ता समितिबाट काम गराउन २०७७/०२/२७ मा भएको प्रमुख प्रशासकीय अधिकृत स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ग) दररेट स्वीकृत गर्ने सम्बन्धमा:-

धरान उपमहानगरपालिका लाई आ.व. ०७६/०७७ का लागि स्वीकृत कार्यक्रम बाट गिडको बाइलोवा प्रजातीको फुलको वृक्षारोपण गर्ने प्रयोजनका लागि उक्त बिरुवा खरिद गर्न सुनसरी उद्योग वाणिज्य संघबाट प्राप्त रेड अनुसार प्रति बिरुवा रु. १,८००/ दर रेट स्वीकृत गर्ने निर्णय गरियो ।

आजको बैठक बिहान ११ बजे समाप्त भयो ।

बैठक निर्णय माईनुट गर्ने वरिष्ठ प्रशासकीय अधिकृत गणेश प्रसाद खतिवडा

धरान उपमहानगरपालिका

आर्थिक वर्ष २०७७/०७८ को प्रस्तावित आयको सारांश

| आय | | २०७६/०७७ को जम्मा | | | २०७७/०७८ को जम्मा | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | विवरण | निशर्त | सशर्त | जम्मा | निशर्त | सशर्त | जम्मा |
| १ | आन्तरिक आय | २२२१५०००० | | २२२१५०००० | ५३४२४३५०० | | ५३४२४३५०० |
| २ | संघीय समानीकरण अनुदान | ३१९४००००० | | ३१९४००००० | ३०७६००००० | | ३०७६००००० |
| ३ | प्रदेश समानीकरण अनुदान | ९८६८००० | | ९८६८००० | ९५३५००० | | ९५३५००० |
| ४ | संघीय राजस्व बाँडफाँट | २५०८००००० | | २५०८००००० | १६४२२९४४४ | | १६४२२९४४४ |
| ५ | प्रदेश राजस्व बाँडफाँट | २३०८२७००० | | २३०८२७००० | १७०३८०००० | | १७०३८०००० |
| ६ | संघीय ससर्त अनुदान | | ३४८५००००० | ३४८५००००० | | ४४२०००००० | ४४२०००००० |
| ७ | प्रदेश ससर्त अनुदान | | २०००००००० | २०००००००० | | ० | ० |
| ८ | संघीय समपूरक अनुदान | | १०००००००० | १०००००००० | | ३३३०००००० | ३३३०००००० |
| ९ | संघीय विशेष अनुदान | | १०००००००० | १०००००००० | | १५००००००० | १५००००००० |
| १० | प्रदेश समपूरक अनुदान | | ५०००००० | ५०००००० | | ० | ० |
| ११ | जि.स.स.बाट प्राप्त हुने | | ० | ० | | १०००००००० | १०००००००० |
| १२ | प्रदेश विशेष अनुदान | | ५०००००० | ५०००००० | | ० | ० |
| १३ | सडक बोर्डबाट | | १२०००००० | १२०००००० | | १२०००००० | १२०००००० |
| १४ | एकीकृत शहरी विकास आयोजना | | २००००००००० | २००००००००० | | ० | ० |
| १५ | जनसहभागिता | | २५०००००० | २५०००००० | | १५००००००० | १५००००००० |
| १६ | नगर विकास कोषबाट ऋण अनुदान | | १०००००००० | १०००००००० | | ० | ० |
| १७ | खानेपानी बोर्डबाट प्राप्त हुने रकम | | | | १०००००००० | ० | १०००००००० |
| १८ | गत आ.व.को नगद मौज्दात | १००५५५००० | ० | १००५५५००० | २५५५५५६ | ० | २५५५५५६ |
| | जम्मा | ११३३६००००० | ६४५५००००० | १७७९१००००० | ११९६२४३५०० | ५२७३००००० | १७२३५४३५०० |

धरान उप महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, सुनसरी

## आ.व.२०७७/०७८ को चालु प्रशासनिक खर्चको बजेट प्रस्ताव

| खर्च संकेत नं. | खर्च शीर्षक | २०७६,०७७ को अन्तिम बजेट | जेठसम्मको खर्च | आ.व. २०७६/०७७ को संशोधित अनुमान | आ.व. २०७७/०७८ को प्रस्तावित |
|---|---|---|---|---|---|
| २१११११ | पारिश्रमिक कर्मचारी | ७०२७७३००.०० | ६०३२२६७४.३९ | ७५४०००००.०० | १०४००००००.०० |
| २१११२ | पदाधिकारी सुविधा | १९४१२०००.०० | १६४५६५००.०० | १९४८५४००.०० | १९७१३०००.०० |
| २११२१ | पोशाक (रु. १००००/-) | ३३०००००.०० | ३२१००००.०० | ३३६००००.०० | ३१५००००.०० |
| २११२२ | खाद्यान्न (मासिक रु. ७५००/-) | ३७९५०००.०० | ३१७२५००.०० | ३८१७५००.०० | ३८७००००.०० |
| २११३२ | महंगी भत्ता (मासिक रु. २०००/-) | ५४०००००.०० | ४५२७९५९.०० | ६००००००.०० | ७२९६०००.०० |
| २११३४ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३००२०००.०० | १६७१३२७.०० | २५०००००.०० | २५०००००.०० |
| २११३९ | अन्य भत्ता | १२१४७०००.०० | ९३५७७१०.०० | १२४८८०००.०० | १२४४००००.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ३२०००००.०० | १३४०१००.०० | २२२४०००.०० | ३२०००००.०० |
| २११४२ | पदाधिकारीअन्य सुविधा-पोशाक (रु. ७५००/- | ७८७५००.०० | ७६५०००.०० | ७६५०००.०० | ०.०० |
| २१२१४ | कर्मचारी कल्याण कोष-स्थायी कर्मचारी | २२५०००००.०० | १००००००.०० | २२५०००००.०० | २५००००००.०० |
| | कर्मचारी कल्याण कोष- करार कर्मचारी | | | | ३००००००.०० |
| २२१११ | पानी तथा बिजुली | १२६५०००.०० | ७३४१०३.७४ | १२६५०००.०० | ११५००००.०० |
| २२११२ | संचार महसुल | ११९००००.०० | ४०८५३८.६० | ११९००००.०० | १००००००.०० |
| २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च - सडकबत्ती | ५००००००.०० | २०७५५५७.२९ | ५००००००.०० | ३५०००००.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | ९०००००.०० | ४३९१४४.९० | ९०००००.०० | ९०००००.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १९२००००.०० | १८३४१५५.५६ | २५०००००.०० | २५०००००.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २५०००००.०० | २१८०८७६.७१ | २५०००००.०० | २५०००००.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ७४९९८९.०० | ४९०१७४.९० | १००००००.०० | ७५००००.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चाल | ५४००००.०० | २९२६११.०० | ४०००००.०० | १००००००.०० |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ३०००००.०० | १६०१३७.०० | ३०००००.०० | ३०००००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २५७५०००.०० | ११७०४११.२० | २५०००००.०० | २५०००००.०० |
| २२३१२ | पशुपंक्षीहरूको आहार | २००००.०० | ५५००.०० | २००००.०० | २००००.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ३०००००.०० | २४१५०.०० | २०००००.०० | ३०००००.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | ३३००००.०० | १८१४४९.८० | ३३००००.०० | ३०००००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २९१२०००.०० | १३७३९४९.४० | २९१२०००.०० | २६०००००.०० |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | १३०००००.०० | ६९४६४८.०० | १३०००००.०० | ६०००००.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ४३५०४५.०० | ५७६४७०.०० | ७१४८००.०० | ८६६०००.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ११०००००.०० | ७११९००.०० | ११०००००.०० | १००००००.०० |
| २२४१३ | करार सेवा शुल्क | ३५९१६४१०.०० | २९०४९८०२.०० | ३५०६९११०.०० | ४०४८८५००.०० |
| २२४१४ | सरसफाईसेवा शुल्क | ३३१३०९९०.०० | २७१४९५३३.३२ | ३३६५१९९०.०० | ३५९२५०००.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | ४४५०००.०० | ३८८६४०.०० | ४४५०००.०० | ५०००००.०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | ९०७५०००.०० | ४४७३८०.०० | ३००००००.०० | |
| २२५२२ | कार्यक्रम खर्च | ६८३०९४८५.०० | १५६०१९२१.५० | ३०००००००.०० | |
| २२५२९ | विविध कार्यक्रम खर्च | ३१०९००००.०० | ११९०३११८.०० | ३१०९००००.०० | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | २२१००००.०० | ४५२२४०.०० | | |
| २२६१२ | भ्रमण खर्च | ३४६६०००.०० | १३६३९८९.०० | २०१६०००.०० | ३४०००००.०० |
| २२७११ | विविध खर्च | ३३०४०००.०० | १४१२२३२.०० | २७३०२५०.०० | ३००००००.०० |
| २२७२१ | सभा सञ्चालन खर्च | २००००००.०० | ६८७८५२.०० | १७०००००.०० | २००००००.०० |
| २४२११ | आन्तरिक ऋणको ब्याज | ३१००००००.०० | १५४६६३०५.२४ | ३२५०००००.०० | ०.०० |
| २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ६११२०००.०० | २९०२०००.०० | ४११२०००.०० | |
| २५३१३ | उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहाय | १५०००००.०० | ९९६७७०.०० | १५०००००.०० | १००००००.०० |
| २५३१४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | १५०००००.०० | ८४८६७८.०० | १५०००००.०० | १००००००.०० |
| २५३१५ | अन्य संस्था सहायता | ११२५०००.०० | ४८१८४७.०० | ११२५०००.०० | १००००००.०० |
| २६३११ | अन्तराष्ट्रिय सदस्यता शुल्क तथा सहयोग | ४०००००.०० | | ०.०० | [illegible]०००००.०० |
| २७२११ | छात्रवृत्ति | ८०००००.०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ८८५७९७०.०० | ५०००००० .०० | ८८५७९७०.०० | |
| २७२१३ | औषधीखरिद खर्च | १९८०००.०० | १३१६५५०.०० | १९८०००.०० | |
| २७२१९ | अन्य सामाजिक सहायता | ५०००००.०० | ७८०००.०० | १५००००.०० | ५०००००.०० |
| २८१४२ | घरभाडा | २५७९६००.०० | १००९०५५.४० | १४८००००.०० | २५०००००.०० |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५५१०००.०० | ५८१५०.०० | २०१०००.०० | ५०००००.०० |
| २८१४९ | अन्य भाडा | १०००००.०० | | १०००००.०० | १०००००.०० |
| २८२११ | राजस्व फिर्ता | ८०००००.०० | २९४७०२.०० | ४०००००.०० | ८०००००.०० |
| २८२१२ | न्यायिक फिर्ता | २०००००.०० | | १०००००.०० | २०००००.०० |
| २८९११ | भैपरी आउने चालु खर्च | १५०००.०० | १२७९०.०० | १५०००.०० | १५०००००.०० |
| जम्मा | | ४१६२५८६८९.०० | २३९९२४२१३.९५ | ३६४६१२१२०.०० | ३२८१६८५००.०० |

धरान उपमहानगरपालिका

आ.व.२०७७/०७८ को प्रस्तावित विनियोजनको सारांश

| | विनियोजन | २०७६/०७७ को अनुमान | २०७७/०७८ को प्रस्तावित |
|---|---|---|---|
| अनिवार्य दायित्वहरु: | | | |
| १ | कार्यालय तर्फको चालु खर्च | २३५५५०००० | ३१८१६८५०० |
| २ | वडाको प्रशासनिक खर्च | २००००००० | २००००००० |
| ३ | ऋणको साँवा भुक्तानी | २७१००००० | २९३७७००० |
| ४ | व्याज भुक्तानी | ३१०००००० | २९९९८००० |
| ५ | मेसिनरी औजार | २०००००० | २०००००० |
| ६ | फर्निचर | ४५०००० | ५०००००० |
| ७ | सवारी साधन खरिद | ७५००००० | १५००००० |
| ८ | सडक बत्ति व्यवस्थापन | ५०००००० | ३५००००० |
| ९ | Matching Fund (TDF,सडक बोर्ड, अन्य) | २००००००० | ४००००००० |
| १० | मर्मत कोष | ५०००००० | ५०००००० |
| ११ | विभिन्न निर्माण कार्य (प्रमुख कोष) | १००००००० | ८०००००० |
| १२ | आकस्मिक कोष | ५०००००० | ३०००००० |
| १३ | चालु भैपरी आउने खर्च | ३०००००० | २०००००० |
| १४ | *विपद व्यवस्थापन कोष* | ७५००००० | ८०००००० |
| १५ | विभिन्न साना पूर्वाधार निर्माण | ० | ३०००००० |
| १६ | क्रमागत आयोजनाको | १५०००००० | २२५५००००० |
| | अनिवार्य दायित्वहरुको जम्मा | ५२९१००००० | ७०४०४३५०० |
| १६ | संस्थागत, व्यक्तिगत अनुदान सहयोग | ५००००० | ५००००० |
| | व्यक्तिगत सहयोग | २०००००० | १५००००० |
| | संस्थागत सहयोग | १५०००००० | ४५०००००० |
| १७ | नगर गौरवका आयोजना | १५०००००० | १५०००००० |
| १८ | **DPR** तयारी (पूँजीगत परामर्श सेवा) | १०००००००० | २५००००० |
| १९ | संस्थागत सुधार तथा क्षमता विकास | १०००००००० | ५०००००० |
| २० | पर्यटन | १७०००००० | १०००००००० |
| २१ | युवा तथा खेलकुद | ५०००००० | ३०००००० |
| २२ | साहित्य, कला, संस्कृति | ५०००००० | ३०००००० |
| २३ | सूचना संचार क्षेत्र | २००००००० | १५०००००० |
| २४ | शिक्षा | १०००००००० | ८०००००० |
| २५ | वन वातावरण र विपद व्यवस्थापन IEEसमेत | १०००००००० | ९०००००० |
| २६ | आर्थिक (कृषि, पशु, सहकारी, उद्योग) | १८७००००० | १३०००००० |
| २७ | लैंससास (सामाजिक विकास) | २०००००० | २५००००० |
| २८ | न्यायिक समिति | १५०००००० | १०००००००० |
| २९ | स्वास्थ्य | ४०००००० | ५०००००० |
| ३० | सुकुम्बासी व्यवस्थापन | | |

| | | | |
|---|---|---|---|
| ३१ | मजदूर कल्याण कार्यक्रम | १०००००० | ५००००० |
| ३२ | सार्वजनिक जग्गा तथा जलाधार संरक्षण | १००००००० | |
| | सार्वजनिक जग्गा संरक्षण | | ५०००००० |
| | जलाधार संरक्षण र क्षतिपूर्ति वृक्षरोपण | | ५०००००० |
| ३३ | राजस्व सुधार | ५०००००० | ४०००००० |
| ३४ | *अध्ययन,अनुसन्धान र परामर्श (चालु)* | *२५०००००* | *१५०००००* |
| ३५ | **वडाको कार्यकम तथा पूँजीगत बजेट** | २२४०००००० | २०००००००० |
| ३६ | वडा कार्यालय भवन | १००००००० | ११०००००० |
| ३७ | एकीकृत शहरी विकास आयोजना | ४०००००००० | ० |
| ३८ | अन्य निकायका आयोजनाहरु | १२५०००००० | १०००००००० |
| ३९ | अन्य प्रवर्द्धनात्मक कार्यक्रमहरुः | ५३०००००० | |
| | हिरासत भवन निर्माण | ८००००० | *५०००००* |
| | बौद्धदाह संस्कार स्थल स्तरोन्नती | १०००००० | *५०००००* |
| | लीला श्रेष्ठ सुब्बा स्मृति भवन | ५००००० | *५०००००* |
| | रक्तदान प्रोत्साहन कार्यक्रम | ५००००० | *७०००००* |
| | धार्मिक क्षेत्र प्रवर्द्धन | १५००००० | *१००००००* |
| | गुम्बाहरुको भौतिक तथा प्रवर्द्धनात्मक विकास | १०००००० | *८०००००* |
| ४० | अपाङ्गता सम्बन्धी कार्यकम | ०.०० | ७२००००० |
| ४१ | कोरोना लगायत महामारी व्यवस्थापन | ०.०० | २०००००००० |
| ४२ | बालमैत्री घोषणा गर्ने वडालाई थप बजेट | ०.०० | ७५००००० |
| ४३ | बी.पी.को.स्वा.वि.प्र.सँग साझेदारी कार्यक्रम | ०.०० | ५०००००० |
| ४४ | अन्य नगरस्तरीय आयोजनाहरु | ०.०० | ६१०००००० |
| ४५ | नगर प्रोफाइल तयारी | ०.०० | २५००००० |
| | कार्यक्रम तथा पूँजीगत खर्च जम्माः | ६०४५००००० | ४९२२००००० |
| | कुल जम्माः | ११३३६००००० | ११९६२४३५०० |
| ४६ | संघीय सशर्त अनुदानको कार्यकम | | ४४२०००००० |
| ४७ | सघीय समपूरक अनुमानको कार्यकम | | ३३३०००००० |
| ४८ | सघीय विशेष अनुदानको कार्यक्रम | | १५०००००० |
| ४९ | जि.स.स.बाट प्राप्त हुने बजेटबाट हुने कार्यक्रम | | १०००००००० |
| ५० | सडक बोर्डबाट प्राप्त रकमबाट हुने कार्यकम | | १२०००००० |
| ५१ | जनसहभागिताको रकम | | १५०००००० |
| | सशर्त तर्फको जम्मा | | ५२७३००००० |
| | कूल जम्मा बजेट | | १७२३५४३५०० |

क्रमागत आयोजनाको विवरणः

| | | | |
|---|---|---|---|
| १ | कार्यालय भवन निर्माण-थप समेत | | २६५००००० |
| २ | विजयपुर मन्दिर जोड्ने सडक | | १८०००००० |
| ३ | रेडकस-विजयपुर सडक | | १४०००००० |
| ४ | खहरे/ तीनढुंगे करिडोर | | ३०००००००० |
| ५ | जल्पा रोड सडक | | १२०००००० |

| | | | |
|---|---|---|---|
| ६ | चतरा लाइन सडक-११ | | ३००००००० |
| ७ | नमूना वस्ती | | १००००००० |
| ८ | रेल्वे चोक सौन्दर्यीकरण | | १५०००००० |
| ९ | सभागृह पुनःनिर्माण | | ३००००००० |
| १० | माछा भौडी पार्क | | ७५०००००० |
| ११ | शहिद मार्ग | | ६५०००००० |
| १२ | आडा लाइन सडक | | ६०००००० |
| १३ | अन्य क्रमागत आयोजनाहरु | | २००००००० |
| | जम्मा | | २२५५००००० |

नगर गौरवका आयोजनाहरुः

| | | | |
|---|---|---|---|
| १ | तीनकुने सुन्दर बस्ती आयोजनाको पूर्वाधार विकास | | १६०००००० |
| २ | बगरकोट-देउराली-ठिङ्गाबारी पिच निर्माण | | ११०००००० |
| ३ | सप्तरंगी-साकेला मार्ग | | ५०००००० |
| ४ | सुकुम्वासी व्यवस्थापन - सर्दु/ खहरे करिडोर | | ५०००००० |
| ५ | रत्न रोड र सिंहदेवी मार्ग विस्तार | | ५०००००० |
| | जम्मा | | ४५०००००० |

अन्य नगरस्तरीय आयोजना तथा कार्यक्रमहरुः

| | | | |
|---|---|---|---|
| १ | बी.पी.पार्क को डीपीआर सहित निर्माण कार्य | | ४५००००० |
| २ | नाटक घर | | २०००००० |
| ३ | गैरीगाउँ हुँदै शिवजटा जाने बाटो | | २०००००० |
| ४ | सदन रोड | | २०००००० |
| ५ | कृष्ण पथ धरान १५ | | ४०००००० |
| ६ | GMIS अपडेट गर्ने | | २५००००० |
| ७ | पालिका बजार स्थानान्तरण खर्च | | २०००००० |
| ८ | बाँदरको प्रकोप व्यवस्थापन | | १५००००० |
| ९ | विमानस्थलको जग्गा व्यवस्थापन | | ८०००००० |
| १० | हरियाली वनमा तारा सुब्बा स्मृति पार्क | | १०००००० |
| ११ | पर्यटकीय पूर्वाधार जग्गा व्यवस्थापन | | ८०००००० |
| १२ | नगरस्तरीय जेष्ठ नागरिक विश्रामस्थल | | २०००००० |
| १३ | पार्क निर्माण (वडा नं. १,१५,१६,१८) | | |
| | १ | | १५००००० |
| | १५ | | १५००००० |
| | १६ | | १५००००० |
| | १८ | | ३५००००० |
| | मनमोहन पार्क, वडा नं.४ | | १५००००० |
| १४ | ध्यान बहादुर राई स्मृति ग्रन्थ प्रकाशन | | ५००००० |
| १५ | हडकड रोड | | ४०००००० |
| १६ | सेफ हाउस | | २५००००० |
| १७ | आधारभूत मार्ग,धरान-१५ | | ३०००००० |
| १८ | बलबहादुर राई, भीम ब.तामाङ स्मृति प्रतिष्ठान भवन निर्माण | | २०००००० |
| | जम्मा | | ६१०००००० |

निर्णय नं. १, क्षेत्र सम्बा.क्षेत्र

<u>वडास्तरीय मार्गदर्शन तथा बजेट सीमा</u>

**आगामी आ.व. ०७७ / ७८ को वडास्तरीय बजेट तथा कार्यक्रम तर्जुमाका लागि धरान उपमहानगरपालिकाले वडा कार्यालयहरुलाई जारी गरिएको मार्गदर्शन तथा बजेट सीमा**

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा कार्यक्रम तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालिन र दीर्घकालिन योजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ । आवधिक योजनाले लिएका लक्ष्यहरु आफ्नो स्रोत साधनसंग तालमेल गरी प्राथमिकताका साथ स्रोतको विनियोजन गर्ने काम वार्षिक विकास योजनाले गर्दछ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले स्थानीय तहको योजना तर्जुमा प्रकृया सन्दर्भमा अगाडी सारेका विषय वस्तुहरुलाई मूर्तरुप दिन तथा एकरुपता कायम गर्न स्थानीय तह वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ समेत तयार भएको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम आफ्नो वडास्तरको बजेट तथा कार्यक्रम तर्जुमा गर्न वडागत बजेट सीमा सहित यो मार्गदर्शन तयार गरी पठाईएको छ । तल उल्लेखित मार्गदर्शनका बुंदाहरु अध्ययन गरी आ-आफ्नो वडालाई प्राप्त बजेट सीमाको अधिनमा रही वडाको बजेट तथा कार्यक्रम तोकिएको समय सीमा भित्र तर्जुमा गरी धरान उपमहानगरपालिकामा पठाउन हुन अनुरोध गरिएको छ ।

<u>मार्गदर्शन</u> :

<u>वस्तीस्तरको योजना तर्जुमा सम्वन्धमा :</u>

१ वडालाई वस्ती स्तरमा विभाजन गरी वडा सदस्यहरुको संयोजनमा वस्ती /टोल स्तरको योजना छनौट गर्न निजलाई जिम्मेवारी प्रदान गर्ने ।

२ प्रत्येक वडाले वडा भित्रका सबै बस्तीहरुमा योजना तर्जुमाका लागि बैठक हुने दिन, मिति र समय कम्तिमा ३ दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।

३ बस्तीस्तरको योजना तर्जुमा गर्दा बालबालिका, महिला, आदिवास/जनजाती, मधेशी, दलित, अपांगता भएका व्यक्ति, सीमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।

४ योजना छनौट प्रकृयामा टोल विकास संस्था, नागरिक समाजका संस्थाहरु, महिला / आमा समुहहरु, बाल क्लबहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, उपभोक्ता समितिहरु, नीजि क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ, संस्थाहरुको सकृय सहभागिता गराउने ।

५ बस्ती स्तरमा सहभागितात्मक पद्धतिबाट छनौट भएका आयोजना तथा कार्यक्रमहरुको सूची तयार गरी वडा समिति पेश गर्ने ।

वडा समितिबाट आयोजना तथा कार्यक्रमहरुको प्राथमिकिकरण सम्वन्धमा :

१ टोल/बस्तीस्तरबाट पेश भएका आयोजना तथा कार्यक्रमहरुलाई देहायका विषय क्षेत्र अनुसार छुट्याउने ।

क) <u>आर्थिक विकास क्षेत्र</u> : यस क्षेत्र अन्तर्गत देहायका विषयगत क्षेत्रहरु पर्दछन् ।

कृषि विकास ,पशुसेवा, सहकारी, उद्यम विकास / सीप विकास, उद्योग तथा वाणिज्य, वित्तिय क्षेत्र, पर्यटन आदि

ख) <u>सामाजिक विकास क्षेत्र</u> : यस क्षेत्र अन्तर्गत देहायका विषयगत क्षेत्रहरु पर्दछन् ।

शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण(महिला, बालबालिका तथा अन्य लक्षित वर्ग), जनसंख्या व्यवस्थापन आदि ।

विदुरप्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

ग) पूर्वाधार विकास : यस क्षेत्र अन्तर्गत देहायका विषयगत क्षेत्रहरु पर्दछन् ।

सडक तथा पुल, सिंचाई, भवन तथा शहरी विकास, संचार, उर्जा, लघु तथा साना जल विद्युत, आदि

घ) वातावरण तथा विपद् व्यवस्थापन : यस क्षेत्र अन्तर्गत देहायका विषयगत क्षेत्रहरु पर्दछन् ।

वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, वैकल्पिक उर्जा प्रवर्द्धन, जलवायु परिवर्तन, सरसफाइ प्रवर्द्धन, फोहोरमैला व्यवस्थापन, नदी नियन्त्रण, पहिरो नियन्त्रण, विपद् व्यवस्थापन, COVID-19 लगायतका महामारी नियन्त्रण र व्यवस्थापन आदि ।

ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन : यस क्षेत्र अन्तर्गत देहायका विषयगत क्षेत्रहरु पर्दछन् ।

सामान्य सेवा, सुचना प्रविधि, पंजीकरण, व्यवस्थापन, वडागत तथ्यांक संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्द्धन, संस्थागत क्षमता विकास ,राजश्व परिचालन आदि

२ बस्तीस्तरबाट संकलन गरिएका आयोजना तथा कार्यक्रमहरुलाई माथि उल्लेखित विषयगत क्षेत्र अन्तरगत वर्गीकरण गर्ने । आयोजना तथा कार्यक्रमहरुलाई विषयगतरुपमा वर्गीकरण गरिसके पछि प्राथमिकताक्रम निर्धारण फाराममा उतार गरी प्राथमिकीकरण गर्ने । प्राथमिकता निर्धारण फारम यसै साथ संलग्न छ ।

३ देहाय बमोजिमका प्राथमिकताका आधारहरु अवलम्बन गरी आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्ने ।

- गरिबी न्यूनिकरण, रोजगारी सिर्जना र आय आर्जन बृद्धिमा प्रत्यक्ष योगदन पुऱ्याउने,
- क्रमागत, उत्पादनमूलक, छिटो प्रतिफल दिने
- आन्तरिक राजश्व वृद्धि र परिचालनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत, साधन, श्रम, सीप र प्रविधिमा आधारित,
- जनसहभागिता अभिवृद्धि गर्ने,
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दीगो विकास, वातावरण संरक्षण, सरसफाइ प्रवर्द्धन र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,

४. माथि उल्लेखित आधारहरु अवलम्बन गरी प्राथमिकता गर्दा देहाय बमोजिम अंकभार राखी प्राथमिकीकरण गर्ने र बढी अंकभार प्राप्त गर्ने आयोजना तथा कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राख्ने ।

१) गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने (२० अंक)

| | |
|---|---|
| प्रत्यक्ष योगदान पुऱ्याउने | - २० अंक |
| अप्रत्यक्ष योगदान पुऱ्याउने | - १० अंक |
| तटस्थ | - ५ अंक |

२) क्रमागत, उत्पादनमूलक, छिटो प्रतिफल दिने (१५ अंक)

| | |
|---|---|
| चालु आ.व.मानै सम्पन्न हुने | - १५ अंक |
| आगामी आ.व.मा सम्पन्न हुने | - १० अंक |

दिर्घ प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

अन्य - ५ अंक

३) आम्दानी र रोजगार वृद्धि गर्ने आयोजना तथा कार्यक्रमहरु (१० अंक)

प्रत्यक्ष योगदान पुऱ्याउने - १० अंक
अप्रत्यक्ष योगदान पुऱ्याउने - ५ अंक
तटस्थ - ० अंक

४) जनसहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

५० प्रतिशत भन्दा बढी जनसहभागिता हुने - १५ अंक
२० देखि ५० प्रतिशत सम्म जनसहभागता हुने - १० अंक
२० प्रतिशत सम्म जनसहभागित हुने - ५ अंक
जनसहभागिता नहुने - ० अंक

५) स्थानीय सीप, साधन र श्रोतको प्रयोग हुने आयोजनाहरु (१० अंक)

आवश्यक पर्ने सबै श्रोत, साधन स्थानीय तहमा उपलब्ध हुने - १० अंक
५० प्रतिशत सम्म श्रोत, साधन स्थानीय तहमा उपलब्ध हुने - ७.५ अंक
अन्य - ५ अंक

६) समावेशी विकासमा योगदान पुऱ्याउने आयोजनाहरु (१५ अंक)

प्रत्यक्ष योगदान पुऱ्याउने - १५अंक
अप्रत्यक्ष योगदान पुऱ्याउने - ७.५अंक
तटस्थ - ० अंक

७) दीगो विकास र वातावरण संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

प्रत्यक्ष योगदान पुऱ्याउने - १० अंक
अप्रत्यक्ष योगदान पुऱ्याउने - ५ अंक
तटस्थ - ० अंक

८) स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५अंक)

प्रत्यक्ष योगदान पुऱ्याउने - ५ अंक
अप्रत्यक्ष योगदान पुऱ्याउने - ३ अंक
तटस्थ - ० अंक

माथि उल्लेख गरिए बमोजिम आयोजनाको प्राथमिकताक्रम निर्धारण फारम प्रयोग गरी बस्तीस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्ने । आयोजनाहरुको प्राथमिकीकरण पश्चात प्राप्त बजेट सिलिंगको अधिनमा रही देहाय बमोजिमको

बिदुरप्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

ढांचामा प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरु छनौट गरी सो को कार्यान्वयनका लागि बजेट विनियोजन गरी नगरपालिकामा पठाउने ।

धरान उपमहानगरपालिका

वडा नं..........

आ.व २०७७।०७८

वडास्तरीय बजेट तथा कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव गरिएका कार्यक्रमहरु :

| क.सं. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | लाभान्वित जनसंख्या | प्राथमिकताक्रम | विनियोजित बजेट रु. | कार्यक्रमको चौमासिक विवरण |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास तर्फ | | | | | | |
| १ | | | | | | |
| २ | | | | १ | | |
| | | | | २ | | |
| | जम्मा | | | ३ | | |
| सामाजिक विकास तर्फ | | | | | | |
| १ | | | | | | |
| २ | | | | १ | | |
| ३ | | | | २ | | |
| | जम्मा | | | ३ | | |
| पूर्वाधार विकास तर्फ | | | | | | |
| १ | | | | | | |
| २ | | | | १ | | |
| ३ | | | | २ | | |
| | जम्मा | | | ३ | | |
| वातावरण तथा विपद् व्यवस्थापन तर्फ | | | | | | |
| १ | | | | | | |
| २ | | | | १ | | |
| ३ | | | | २ | | |
| | जम्मा | | | ३ | | |

**वडाको प्रशासनिक र विषयगत क्षेत्रको बजेट विनियोजन सम्बन्धमा**

यस बजेट शिर्षकबाट देहाय अनुसार बजेट विनियोजन गर्ने

क। प्रत्येक वडाले वडाको प्रशासनिक खर्च तर्फ रु १० लाख बजेट विनियोजन गर्ने । प्रशासनिक बजेट तर्फ 'क' वर्गका वडाहरु वडा नं ८, ११, १५, १६ र १७ मा वडागत बजेटबाट बढीमा रु पाँच लाख सम्म थप बजेट विनियोजन गर्न सक्ने ।

ख। सामाजिक समावेशीकरण (लक्षित वर्ग) क्षेत्र, कोभिड १९ महामारी नियन्त्रण, उपचार र व्यवस्थापन तथा विपद् व्यवस्थापनका लागि पहिलो १० करोड वडागत बजेटको ५५ प्रतिशत रकम देहाय बमोजिम विनियोजन गर्ने ।

| | |
|---|---|
| महिला विकास तर्फ : | १० प्रतिशत |
| बालबालिका विकास कार्यक्रम(बालमैत्री कार्यक्रम समेत) : | १५ प्रतिशत |
| अन्य लक्षित वर्गको विकास कार्यक्रम तर्फ : | १५ प्रतिशत |
| कोभिड १९ महामारी नियन्त्रण, उपचार र व्यवस्थापन तर्फ: | १० प्रतिशत |
| विपद् व्यवस्थापन तर्फ : | ५ प्रतिशत |

त्रिदप्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

यसरी वडागत रुपमा प्राप्त बजेट सिलिङ्ग अनुसार पहिलो १० करोडबाट माथि उल्लेख भए बमोजिमका क्षेत्रमा बजेट विनियोजन गरेर बाँकी रहेको ४५ प्रतिशत् बजेट र दोस्रो १० करोडको बजेट सिलिङ्गबाट वडागत रुपमा प्राप्त बजेटलाई एकमुष्ट गरी देहाय बमोजिमका विषयगत क्षेत्रहरुमा बजेट विनियोजन गर्ने

१ आर्थिक विकास क्षेत्र (कृषि विकास ,पशुसेवा, सहकारी, उद्यम विकास / सीप विकास, उद्योग तथा वाणिज्य, वित्तिय क्षेत्र आदि)

२ सामाजिक विकास क्षेत्र ( शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति प्रवर्द्धन,जनसंख्या व्यवस्थापन आदि ।

३ पूर्वाधार विकास क्षेत्र ( सडक, पुल, कल्भर्ट, ड्रेन निर्माण, भवन निर्माण, पार्क निर्माण,सिंचाई पूर्वाधार निर्माण, आदि ।

४ वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ( वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, वैकल्पिक उर्जा प्रवर्द्धन, जलवायु परिवर्तन, सरसफाइ प्रवर्द्धन (पूर्ण सरसफाइ सम्बन्धी कार्यक्रमहरु), फोहोरमैला व्यवस्थापन, ड्रेन सरसफाइ,नदी नियन्त्रण, पहिरो नियन्त्रण, विपद् व्यवस्थापन( पूर्व तयारी, विपद् जोखिम न्युनिकरणका कार्यक्रमहरु) आदि ।

५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन (सुचना प्रविधि, पंजीकरण व्यवस्थापन, वडागत तथ्यांक संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्द्धन, संस्थागत क्षमता विकास आदि)

ग) वडाको सरसफाइ प्रवर्दन गर्न पुर्ण सरसफाइ मार्गदर्शन, २०७३ का सूचकहरु पुरा गर्ने किसिमका सरसफाइ कार्यक्रमहरुको छनौटमा ध्यान दिने ।

घ) वडाका स-साना ड्रेनहरु सफाइ गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गर्ने

ङ) बालमैत्री वडा घोषणा हुन बाँकी रहेका वडाहरुले आगामी आ.व. २०७७/७८ मा सबै सूचकहरु पुरा गर्ने गरी बालमैत्री क्रियाकलापहरु तर्जुमा गरी आवश्यक बजेट विनियोजन गर्ने । बालमैत्री वडा घोषणा भैसकेका वडाहरुले बालमैत्री वडाको दिगोपनाका लागि आवश्यक क्रियाकलापहरु तर्जुमा गरी बजेट विनियोजन गर्ने र लकडाउन अवधीमा बालबालिका विद्यार्थीहरुलाई वैकल्पिक माध्यमबाट अध्ययन अध्यापनको व्यवस्थापन गर्ने गराउने विषयलाई समेत ध्यान दिई कार्यक्रम तर्जुमा गर्ने ।

च) वडाको सौन्दर्य अभिवृद्धि गर्ने खालका वातावरणमैत्री कार्यक्रमहरुको तर्जुमा गर्ने

छ) दिगो विकासका लक्ष्यहरु (Sustainable Development goals) अध्ययन गरी स्थानियकरणका लागि सो अनुरुपका कार्यक्रमहरु तर्जुमा गर्न जोड दिने ।

ज) एक आर्थिक वर्ष भित्र सम्पन्न हुने किसिमका आयोजनाहरु मात्र छनौट गर्ने

झ) राजश्व सुधार तथा परिचालनको कार्यक्रमहरु तर्जुमा गर्ने

ञ) वडाका गतिविधीहरु सार्वजनिक गर्ने कार्यक्रम तर्जुमा गर्ने

ट) वडा प्रोफायल बनाउने कार्यक्रम तर्जमा गर्ने

ठ) मेलमिलाप केन्द्र स्थापनाको लागि आवश्यक बजेट विनियोजन गर्ने

**वडा पूर्वाधार विकास योजनाका लागि मार्गदर्शन**

- चालु आ.व. २०७६।०७७ मा स्वीकृत भई सम्पन्न हुन नसकेका वडास्तरीय योजनाहरुलाई आवश्यकता अनुसार बजेट विनियोजन गर्ने ।
- नयां आयोजना छनौट गर्दा एक आर्थिक वर्षभित्र सम्पन्न हुने आयोजनाहरु मात्र छनौट गर्ने । वडागत योजनाहरुका हकमा आगामी आ.व.हरुमा कुनै पनि दायित्व नसर्ने खालका योजना तथा कार्यक्रमहरु छनौट गरी प्रस्ताव गर्ने ।
- सामान्यतया श्रम प्रयोग हुने प्रकृतिका निर्माण कार्यहरु मात्र जनसहभागिता जुटाई उपभोक्ता समिति मार्फत गर्ने । मेशिनरी औजार र Heavy Equipments प्रयोग गरी उपभोक्ता समिति मार्फत खरिद गर्नुपर्ने भएमा प्राविधिक पुष्ट्याई सहित स्वीकृत हुन आवश्यक छ ।

विष्णुप्रसाद ... प्रमुख प्रशासकीय अधिकृत

- उपभोक्ता समिति मार्फत खरिद गरिने संघीय सरकार, प्रदेश सरकार तथा अन्य निकायको सहयोगमा सञ्चालित योजनाहरु सम्बन्धित सरकारबाट जारी गरिएको निर्देशिका, कार्यविधी तथा सम्बन्धित सरकार तथा निकायसंगको सहमती,सम्झौता अनुसार जनसहभागिता प्रतिशत निर्धारण गर्ने ।
- उपमहानगरपालिकाको वार्षिक विनियोजन विधेयकमा समाविष्ट भएका योजनाहरु सञ्चालन गर्दा तपशिलका बुँदाहरु पलना भएमा मात्र उपभोक्ता समिति मार्फत खरिद गरिने छ । ती बुँदाहरु पालना नभएको खण्डमा प्रतिष्पर्धात्मक विधिबाट दरभाउपत्र, सिलबन्दी दरभाउपत्र, बोलपत्र आव्हान गरी ठेक्का प्रकृयाबाट खरिद गरिनेछ ।
- कूल लागत अनुमान रु १० लाख भन्दा माथिका उपभोक्ता समिति मार्फत खरिद गरिने जुनसुकै योजनाहरुमा न्युनतम जनसहभागिता ४० प्रतिशत कायम रहने छ ।
- कूल लागत अनुमान रु १० लाख सम्मका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन गरिने भएमा तपसील बमोजिमको न्यूनतम जनसहभागिता प्रतिशत हुनु पर्नेछ ।
    - ढल निर्माण कार्य - १० प्रतिशत
    - पक्की सडक कालोपत्र निर्माण कार्य - ३५ प्रतिशत
    - पक्की सडक ढलाई गर्ने कार्य - ४० प्रतिशत
    - कच्ची सडक ग्राभेल गर्ने कार्य - ४० प्रतिशत
    - ट्र्याक खोल्ने कार्य- ३५ प्रतिशत
    - खहरे खोलामा तार जाली लगाउने, ढलाई गर्ने, गारो लगाउने कार्य(ढुंगा खोलामा उपलब्ध नहुने अवस्थामा) - २० प्रतिशत
    - सर्दु, सेउती, सेहरा, अंधेरी लगायतका खोलामा तारजाली लगाउने, ढलाई गर्ने, गारो लगाउने लगायतका कार्य ( ढुंगा खोलामा उपलब्ध हुने अवस्थामा) - ४० प्रतिशत
    - भवन निर्माण, तला थप, छाना फेर्ने, पार्टिसन गर्ने, शौचालय निर्माण गर्ने लगायतका भवन सम्बन्धी सम्पूर्ण कार्य- २५ प्रतिशत
    - पार्क निर्माण, वृक्षारोपण, मूर्ती बनाउने, रेलिङ्ग लगाउने, बाल उद्यान लगायतका कार्य - २० प्रतिशत
    - कूलो, सिंचाई निर्माण कार्य - २० प्रतिशत
    - पुल, कल्भर्ट निर्माण कार्य - ३० प्रतिशत
    - खानेपानी टंकी निर्माण, पाईप लाईन विस्तार लगायतका खानेपानी सम्बन्धी कार्य - ३० प्रतिशत
    - खेल मैदान निर्माण, चपरी लगाउने लगायतका कार्य - ३० प्रतिशत
    - पहिरो नियन्त्रण कार्य - २० प्रतिशत
    - मर्मत सम्बन्धी सम्पूर्ण कार्य - २० प्रतिशत
    - वडा नं ४, ५, ६, २० र १७ ( साविकको २७ नं वडा मात्र) को हकमा स्थानीय समुदायलाई रोजगारी प्रदान गर्ने गरी योजना सञ्चालनको प्रत्याभूती भएमा माथिका जनसहभागिता प्रतिशतमा १० प्रतिशत सम्म विशेष छुट दिन सकिने छ तर कूल जनसहभागिता प्रतिशत १५ भन्दा कम हुने गरी गरिने छैन ।
- वडागत पूर्वाधार निर्माण योजनाहरु छनौट गर्दा वडागत सडक तथा ढल निर्माण कार्यका अलावा पार्क निर्माण, खहरे कोरिडोर निर्माण, सडक सौन्दर्यिकरण, वडामा अवस्थित पर्यटकीय पूर्वाधार, कूलो लगायतका कृषि पूर्वाधार, नदी तथा पहिरो नियन्त्रण, खेलकूद पूर्वाधार, सामुदायिक भवन, सार्वजनिक जग्गा संरक्षण आदिका लागि विशेष प्राथमिकता दिई बजेट विनियोजन गर्ने ।

ध्यान आकर्षण :

गत आ.व. देखि नै SUTRA को प्रयोग अनिवार्य भएकोले कुन कार्यक्रम कुन चौमासिकमा गर्ने हो सो समेत खुलाई वडाको बजेट तथा कार्यक्रम तयार गरी पठाउने । SUTRA मा बजेट तथा कार्यक्रम Entry गर्दा Unicode font आवश्यक हुने भएकोले सबै वडा कार्यालयहरुले Unicode font मा टाईप गरी वडाको बजेट तथा कार्यक्रमको हार्डकपी र Soft copy तोकिएको समय सीमा भित्र धरान उपमहानगरपालिकामा पठाउने ।

### वडागत प्रशासनिक खर्चका लागि बजेट विनियोजन सम्बन्धी मार्गदर्शन

आगामी आर्थिक २०७७०७८ को वडाको प्रशासनिक खर्चका लागि प्राप्त बजेट सीमामा रही देहाय अनुसारको शिर्षकहरुमा एक वर्षको लागि अपुग नहुने गरी बजेट विनियोजन गरी पेश गर्नुपर्नेछ ।

विदुरप्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

१ वडावाट नियुक्त भएका कर्मचारीहरुको तलब, खाजा खर्च लगायतका सबै सुविधाको लागि प्रत्येक शिर्षकमा फरक फरक देखिने गरी बजेट विनियोजन गर्नु पर्नेछ,

२ वडा समितिको बैठक भत्ता

३ वडा कार्यालयको घर भाडा तिर्नुपर्ने भए सो समेत

४ वडा कार्यालयको पानी महशुल, टेलीफोन महशुल, विद्युत महशुल, ईन्टरनेट शुल्क आदी

५ पत्रपत्रिका तथा पुस्तक खरिद

६ स्टेशनरी सामानहरु

७ छपाईका सामानहरु

८ वडा कार्यालयको बैठक तथा त्यस्तै अन्य विशेष प्रतिनिधि, अतिथिहरुको स्वागतमा गरिने चिया, खाजा खर्च

९ फर्निचर,कम्प्युटर उपकरण खरिद तथा मर्मत खर्चहरु

१० सूचना प्रकाशन लगायतका प्रशासनिक खर्चहरु

११ वडा कार्यालयमा आवश्यक अन्य प्रशासनिक खर्चहरु

**वडागत बजेट सीमा सम्बन्धमा :**

संविधानको मर्म र भावना एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम वडा कार्यालयहरुवाटै अधिकतम सेवा प्रवाह गर्ने उद्देश्यले वडाको संस्थागत क्षमतामा अभिवृद्धि गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन प्रत्येक वडालाई वडाको **जनसंख्या,** भूगोल, गरीबी र वडावाट **उठेको राजश्व** जस्ता सूचकहरुलाई आधार मानी सूत्रमा आधारित भएर आगामी आर्थिक वर्ष २०७७।०७८ को वडास्तरीय बजेट तथा कार्यक्रम तर्जुमाको लागि संलग्न अनुसारको वडागत बजेट सिलिङ्ग निर्धारण गरिएको छ।

विदुरप्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराम :

| क्र.सं. | आयोजना/कार्यक्रम | स्थान | १<br>२०अंक | २<br>१५अंक | ३<br>१५अंक | ४<br>१५अंक | ५<br>१०अंक | ६<br>१०अंक | ७<br>१०अंक | ८<br>५अंक | कूल प्राप्तांक (१००अंक) | प्राथमिकताक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्दा सबै भन्दा बढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ ।

| क.सं. | अंक भार | प्राथमिकता नं. |
|---|---|---|
| १ | ८० अंक भन्दा बढी प्राप्त भएमा | १ |
| २ | ६० देखि ८० अंक प्राप्त भएमा | २ |
| ३ | ६० अंक भन्दा कम प्राप्त भएमा | ३ |
| ४ | ५० अंक भन्दा कम प्राप्त भएमा | न्यून प्राथमिकता |

नोट : यसरी योजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेको योजनाहरु छनौट गर्ने । रकम उपलब्ध भएसम्म प्राथमिकता नं. २ र ३ स्वीकृत गर्न सकिनेछ ।

## आगामी आ.व. ०७७।०७८ को वडास्तरीय योजना तर्जुमा गर्न ताकिएको समय तालिका

| क्र.सं. | कार्य विवरण | समय सीमा | कैफियत |
|---|---|---|---|
| १ | मार्गदर्शन तथा बजेट सिलिंग प्राप्ती | २०७७ असार ९ गते भित्र | |
| २ | वडागत रुपमा मार्गदर्शन तथा बजेट सिलिंग माथि छलफल | २०७७ असार १३ गते भित्र | |
| ३ | वडा सदस्यहरुलाई वडामा रहेका टोलहरु विभाजनगरी टोलस्तरको योजना तथा कार्यक्रम तर्जुमा गर्न जिम्मेवारी तोकी परिचालन गर्ने | २०७७ असार १४ गते भित्र | |
| ४ | बस्ती/टोल स्तरबाट योजना छनौट गर्ने कार्य सम्पन्न गर्ने | २०७७ असार १८ गते भित्र | |
| ५ | वडा स्तरीय योजना तथा कार्यक्रम प्राथमिकिकरण गर्ने | २०७७ असार १९ गते भित्र | |
| ७ | प्राप्त बजेट सिलिंगको अधिनमा रही प्राथमिकता प्राप्त वडास्तरीय योजना तथा कार्यक्रमहरु समावेश गरी आगामी आ.व. २०७७।०७८ को वडास्तरीय बजेट तथा कार्यक्रम प्रस्ताव तयार गरी नगरपालिकामा पेश गर्ने | २०७७ असार २० गते भित्र | |

# धरान उपमहानगरपालिका
## आ.व. ०७७/७८ को वडागत वजेट सिलिङ्ग

| वडा नं. | प्रशासनीक वजेट | पुजीगत वजेट | कुल वडागत वजेट |
|---|---|---|---|
| १ | १,०००,०००।०० | ६,६४४,५७०।५४ | ७,६४४,५७०।५४ |
| २ | १,०००,०००।०० | ५,५४२,३११।९० | ६,५४२,३११।९० |
| ३ | १,०००,०००।०० | ५,६४२,६४४।८४ | ६,६४२,६४४।८४ |
| ४ | १,०००,०००।०० | १०,३४५,८२६।८९ | ११,३४५,८२६।८९ |
| ५ | १,०००,०००।०० | ११,६९८,१२६।५६ | १२,६९८,१२६।५६ |
| ६ | १,०००,०००।०० | ११,०४०,९४८।६२ | १२,०४०,९४८।६२ |
| ७ | १,०००,०००।०० | ५,२१०,२९८।९८ | ६,२१०,२९८।९८ |
| ८ | १,०००,०००।०० | १३,४९८,३६०।४५ | १४,४९८,३६०।४५ |
| ९ | १,०००,०००।०० | ६,११०,८४०।४१ | ७,११०,८४०।४१ |
| १० | १,०००,०००।०० | ६,८६२,२११।०९ | ७,८६२,२११।०९ |
| ११ | १,०००,०००।०० | १३,३०१,९४५।३३ | १४,३०१,९४५।३३ |
| १२ | १,०००,०००।०० | ६,४६१,३५१।४५ | ७,४६१,३५१।४५ |
| १३ | १,०००,०००।०० | १०,६७१,६७२।३९ | ११,६७१,६७२।३९ |
| १४ | १,०००,०००।०० | ७,३२३,९३०।९९ | ८,३२३,९३०।९९ |
| १५ | १,०००,०००।०० | २०,४३२,८१३।६४ | २१,४३२,८१३।६४ |
| १६ | १,०००,०००।०० | ११,५६७,८१३।६२ | १२,५६७,८१३।६२ |
| १७ | १,०००,०००।०० | १७,५५१,५३७।०६ | १८,५५१,५३७।०६ |
| १८ | १,०००,०००।०० | ७,०३६,५३९।४३ | ८,०३६,५३९।४३ |
| १९ | १,०००,०००।०० | १०,१५७,३२७।६५ | ११,१५७,३२७।६५ |
| २० | १,०००,०००।०० | १२,८९८,९२८।१७ | १३,८९८,९२८।१७ |
| | २०,०००,०००।०० | २००,०००,०००।०० | २२०,०००,०००।०० |